# कालिका गाउँपालिकाको आ.व. २०७४/०७५ को वार्षिक प्रगती





प्रस्तुतकर्ता

मोहन कुमार श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

# रसुवा जिल्ला
## (गाउँपालिका/नगरपालिका)





संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग,
गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830

# गाउँपालिकाको नक्शा




स्रोतः स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्नेः गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# गाउँपालिकाको संक्षिप्त परिचय

कालिका गाउँपालिकाको नामाकरण यस क्षेत्रको प्रसिद्ध धार्मिक स्थल कालिका देवीको नामबाट भएको हो । साबिकका राम्चे, धैबुङ, भोर्ले गा.वि.स. का वडा नं. १, ६, ८ र ९ र लहरेपौवा गा.वि.स.को वडा नं. ८ मिलेर कालिका गाउँपालिका बनेको हो । ९४२१ जनसंख्या रहेको यस गाउँपालिकामा ५ वटा वडाहरु रहेका छन् । १९२.५४ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको केन्द्र धैबुङमा सञ्चालन हुँदै आएको छ ।
यस गाउँपालिकाको पूर्वमा नौकुण्ड र गौसाइकुण्ड गाउँपालिका, पश्चिममा उत्तरगया गाउँपालिका, उत्तरमा उत्तरगया र गोसाइकुण्ड गाउँपालिका र दक्षिणमा नुवाकोट जिल्ला रहेको छ ।

# गाउँपालिकाद्धारा संचालित मुख्य मुख्य क्रियाकलापहरु

नेपालको संविधानको अनुसूची -८ मा उल्लेख भएका एकल अधिकार, अनुसूची -९ साझा अधिकार

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद -३, दफा ११ (२) बमोजिमका कार्यहरु

- ऐन, नियम, निती, मापदण्ड निर्माण र कार्यान्वयन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर संकलन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना संचालन
- स्थानीय तथ्याङ्क र अभिलेख संकलन
- आधारभुत र माध्यामिक शिक्षा
- आधारभूत स्वास्थ्य, खानेपानी र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिंचाई
- गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- कृषि तथा पशु विकास सम्बन्धि
- महिला बालबालिका तथा सामाजिक सुरक्षा
- विपद व्यवस्थापन सम्बन्धि
- भषा संस्कृति र ललितकलाको संरक्षण र विकास
- नियमन सम्बन्धि कार्य
- सिफारिस तथा प्रमाणीत सम्बन्धि कार्य
- संघ संस्था परिचालन सम्बन्धि कार्य

आ.व. २०७४/०७५ को प्रगती

# व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण

| | |
|---|---|
| जन्म दर्ता | २०७ |
| विवाह दर्ता | १०५ |
| वसाईं सराई | १३ |
| सम्बन्ध विच्छेद | १ |
| मृत्यु दर्ता | ६५ |
| जम्मा | ३९१ |
| उठेको दस्तुर रु. | २२५०० |

# आ.व. २०७४/०७५ को प्रगती

## सामाजिक सुरक्षा सम्बन्धी विवरण

| वडा | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | कुल |
|---|---|---|---|---|---|---|
| जेष्ठ नागरिक | ७४ | ८७ | ७८ | ६५ | ७६ | ३८० |
| दलित जेष्ठ | | १० | १२ | ६ | ६ | ३४ |
| एकल महिला | ११ | २७ | ३३ | ६ | २३ | १०० |
| विधवा महिला | ४५ | ४४ | ४२ | २४ | २७ | १८२ |
| पूर्ण अपाङ्ग | | १० | १४ | १० | ६ | ४० |
| आंशिक अपाङ्ग | ९ | २ | ४ | | ४ | १९ |
| दलित वालक | | ५ | ९ | १ | ११ | २६ |
| **जम्मा** | **१३९** | **१८५** | **१९२** | **११२** | **१५८** | ७८६ |

| | सामाजिक सुरक्षा तर्फ भत्ता विवतरण रकम | | | | | |
|---|---|---|---|---|---|---|
| **वडा** | **वडा १** | **वडा २** | **वडा ३** | **वडा ४** | **वडा ५** | **कुल** |
| प्रथम निकासा | ९८२००० | १२२२४०० | १२४४००० | ७६९६०० | ९२६००० | ५१४४००० |
| दोश्रो निकासा | ९६८००० | १२०४८०० | १२४४००० | ७६१६०० | ९२३२०० | ५१०१६०० |
| तेश्रो निकासा | ९३०००० | १२२४८०० | १२२०००० | ७४५६०० | ९२३२०० | ५०४३६०० |
| **वितरण रकम** | **२८८००००** | **३६५२०००** | **३७०८०००** | **२२७६८००** | **२७७२४००** | **१५२८९२००** |
| **फिर्ता रकम** | **५००००** | **०** | **२४०००** | **२४०००** | **१८०००** | ११६००० |

# आ.व. २०७४/०७५ को प्रगती

# नक्शा पास सम्बन्धि

## आ.व. २०७४/०७५ मा घर नक्सा डिजाइन तथा सो सम्वन्धि कार्यका लागि सुचिकृत कन्सल्टेन्सि तथा ईन्जिनियरहरु

| क्र.स. | नाम | सम्पर्क नं |
|---|---|---|
| १ | डि.पि सोलुसन्स प्रा.लि. | ९८५११५९६६५ |
| २ | रसुवा ईन्जिनियरिङ कन्सल्टेन्सि | ९८६०९१८६७५ |
| ३ | मनास्लु ईन्जिनियरिङ कन्सल्टेन्सि एण्ड रिसर्च सेन्टर | ९८५११५४९५९ |
| ४ | केटिभ डिजाइनर एण्ड प्लानर्स प्रा.लि. | ९८५११२२६०५ |
| ५ | जिवन थापा | ९८५१०००७०८ |

**आ.व. २०७४ / ०७५ मा नक्सा पास गरिएका घर संख्या -५**

# आ.व. २०७४/०७५ को प्रगती

गाउँ सभा तथा कार्यपालिकाद्धारा वनेका कानुनहरु(२३वटा)

- कार्यविभाजन नियमावली २०७४
- वैठक संचालन कार्यविधि २०७४
- कालिका गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता २०७४
- कालिका गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण सम्बन्धमा व्यवस्था गर्न वनेको नियमावली २०७४
- कालिका गाउँपालिकाको कार्यसम्पादन नियमावली
- कालिका गाउँपालिकाको आर्थिक ऐन, २०७४ र २०७५
- कालिका गाउँपालिकाको विनियोजन ऐन, २०७४ र २०७५
- सहकारी ऐन, २०७५
- न्यायीक समितिले उजुरी कार्यवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५
- कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५
- कालिका शिक्षा नियमावली, २०७४
- रेडियो एफ.एम. संचालन सम्बन्धी कार्यविधी, २०७५
- विपद व्यवस्थापन ऐन, २०७५

- सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५
- करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५
- स्थानीय उर्जा विकास सम्बन्धि निर्देशीका, २०७५
- साधारण निर्माण जन्य सामाग्री संकलन, उत्खनन, प्रशोधन, वसार पसार र विक्री वितरण सम्बन्धी कार्यविधि, २०७५
- अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन ऐन, २०७५
- भूमि ऐन, २०७५
- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधी, २०७५
- स्थानीय राजपत्र प्रशासन समबन्धि कार्यविधी, २०७५
- कालिका गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशीका, २०७५
- कालिका गाउँपालिका घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधी, २०७५

# आ.व. २०७४/०७५ को प्रगती

## न्यायीक समिति तर्फ

| मुद्दा | उजुरी दर्ता संस्था | मिलापत्र भएको | मेलमिलाप गराईएको संख्या | प्रक्रियामा रहेको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| सम्वन्ध विच्छेद | १ | १ | | | |
| घरायसी झगडा | २ | २ | | | |
| अंश सम्बन्धि | ३ | २ | | १ | |
| लेनदेन | ३ | १ | | २ | |
| गाली वेइजती | १ | १ | | | |
| जग्गा सिमाना विवाद | १ | | | १ | |
| सामान लगि पैसा नतिरेको | १ | | | १ | |
| पानी मुहान विवाद | १ | १ | | | |
| ज्याला मजदुरी नदिएको | २ | १ | | १ | |
| जम्मा | १५ | ९ | | ६ | |

आ.व. २०७४/०७५ को प्रगती

# आन्तरीक आम्दानीको विवरण

**विभिन्न कर, राजश्व, शुल्क तथा दस्तुर गरी जम्मा ३७,४६,२९८।- वार्षिक आम्दानी भएको छ ।**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | | | | २२५०० |
| २ | सिफारिस दस्तुर तथा अन्य आम्दानी विवरण | | | | १०५९६०९ |
| ३ | मालपोत | | | | ९८५९६७ |
| | जम्मा | | | | २०६८०७६ |
| ४ | गाउँ पालिकाबाट भएको सिफारिस तथा अनुमती लगायत र विभिनन संघ संस्थाबाट कार्यक्रम संचालनको लागि पालिकालाई भएको सहयोग समेत | | | | १६७८२२२ |
| | कुल जम्मा | | | | ३७,४६,२९८ |

# दीर्घकालीन सोँच

कृषि, पशुपालन तथा पर्यटनलाई प्रमुख आर्थिक श्रोतको रुपमा विकास गर्ने ।

कालिका गाउँपालिकालाई सुन्दर तथा समृद्ध गाउँपालिकाको रुपमा विकास गर्ने ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

## आर्थिक विकास

१) कृषि,

१.१ कृषि समुह तथा कृषि सहकारी मार्फत् कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व बृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिबृद्धिमा जोड दिइने छ ।

१.२ स्थानीय सम्भाव्यता, तुलानात्मक लाभ तथा विशेष अवसरहरूको उपयोग गरी कृषक तथा कृषि प्राविधिकहरूको सीप विकासहरु र उपयुक्त कृषि प्रविधि मार्फत् कृषिको व्यवसायीकरण र विविधीकरण, सम्बन्धित कृषकको माग/प्रस्तावमा कार्यक्रम कार्यान्वयन गरी कृषि रोजगारीको सृजना गरिनेछ ।

१.३ कृषि उपजलाई बजारमा सजिलै पुऱ्याउन कृषि उपज संकलन केन्द्रको स्थापनामा जोड दिइनेछ ।

१.४ उन्नत वीउविजनको लागि गाउँपालिका क्षेत्रभित्र वीउविजन उत्पादनमा जोड दिइनेछ ।

१.५ भौगोलिक अवस्था अनुसार उपयुक्त फलफूल उत्पादनलाई प्राथमिकता दिइनेछ ।

१.६ कृषि तथा पशुपालनमा आधारित कृषि उद्योग स्थापना गर्ने कृषकलाई सहयोग उपलब्ध गराइनेछ ।

१.७ दुधबाट बन्ने दुग्धजन्य पदार्थको उत्पादन तथा बजारीकरणलाई सहयोग उपलब्ध गराइनेछ ।

१.८ कृषि विकाससंग सम्बन्धित विभिन्न सरकारी अर्ध-सरकारी तथा गैरसरकारी संघ-संस्था, विकासका अन्य साझेदारीहरू तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरी सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरूप एकीकृत कृषि कार्यक्रमहरू संचालन गरि महिलालाई विशेष अवसर प्रदान गरिनेछ ।

१.९ सडक र बजारको पहुँच भएका क्षेत्रहरूमा बढी मुल्य भएका कृषिजन्य बस्तुहरूको उत्पादनमा जोड दिँदै सहज यातायात पहुँच नभएका क्षेत्रका लागि कम तौल तथा बढी मुल्य हुने कृषिजन्य बस्तुहरूको उत्पादनमा जोड दिइनेछ ।

१.१० सम्भाव्यताका आधारमा बाली विशेषका पकेट क्षेत्रहरू निर्धारण गरी सोही अनुसार खाद्यान्न, तरकारी, दुध, फलफूल, नगदेवाली, च्याउ, जडिबुटी खेती, माछापालन र मौरीपालन जस्ता कृषि कार्यक्रमहरूलाई व्यवसायीकरण गर्न कृषि समूह, कृषि सहकारी र व्यक्तिगत फर्महरूलाई प्रोत्साहन तथा सामग्रीमा अनुदान दिइनेछ ।

१.११ गाउँपालिकाका विषयगत शाखाहरु परियोजना लगायत कृषि क्षेत्रमा काम गर्ने संघ-संस्था एवं अन्य निकायहरूको समन्वय र सहकार्यमा केही वडाका केही क्षेत्र पहिचान गरी अर्गानिक खेती गर्न प्रोत्साहन गरिनेछ । कालिका गाउँपालिकालाई आर्गानिक खेती उन्मुख पालिकाको रूपमा विकास गरिनेछ ।

१.१२ पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार(कृतिम गर्भाधान तथा प्राकृतिक गर्भाधान), पशुआहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत् कालिका गाउँपालिकालाई पशुपालन क्षेत्रको रूपमा विकास गरी मासु, दुध तथा अण्डा लागि आत्मनिर्भता तर्फ उन्मुख एवं प्रोत्साहन गरिनेछ ।

१.१३ व्यक्तिगत तथा प्रयोगमा नआएका सार्वजनिक जग्गाहरुमा घाँस विकास कार्यक्रम संचालन तथा घाँसलाई संरक्षण गरि राख्ने प्रविधि कृषकसम्म पुऱ्याइने छ । निजी जग्गा बाँझो नराख्न जडिबुटी, फलफुल तथा अन्य घाँस रोपण गरी आय आर्जन गर्ने, बाँझो राखेमा जरिवाना गरिने नीति अवलम्बन गरिने छ ।

१.१४ कृषकहरुको बजार सम्बन्धी समस्या समाधानको लागि एक सुविधा सम्पन्न शीत भण्डार निर्माण तथा ढुवानी को व्यवस्था गर्ने नीति लिइनेछ ।

१.१५ व्यावसायिक पशुपालनको प्रबर्द्धन गर्ने कार्यक्रम संचालन गर्ने, कृषकको हितलाई ध्यान दिदै पशु विमाको नीति लिइनेछ ।

१.१६ पशु स्वास्थ्य शिविर जनचेतना मुलक गोष्ठी मार्फत जनचेतना अबिधृद्धि गर्नका लागि घुम्ती सेवा संचालन गरिने छ ।

१.१७ उपलब्ध प्रविधिको जानकारी गराउन तालिम तथा अध्ययन भ्रमण गराउने व्यवस्था मिलाईने छ ।

१.१८ कृषि क्षेत्रमा कृषिमेला र प्रदशनीको आयोजना गरि उत्कृष्ट कृषकलाई प्रोत्साहित गर्ने व्यवस्था लिइनेछ ।

१.१९ गाँउपालिका क्षेत्र भित्र दुग्ध उत्पादन वढिरहेको सर्न्दभमा विद्यमान डेरीलाई व्यवस्थित गरि संकलन केन्द्र स्थापना र थप डेरी स्थापनामा जोड दिदैं किसान र डेरी संचालक बीच छलफल गराई गाँउपालिकाले मुल्य निर्धारणमा आवश्यक भुमिका निर्वाह गर्नेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

**२) उद्योग तथा वाणिज्य सम्बन्धी नीति**

२.१ उद्योगहरुलाई आवश्यकपर्ने पूर्वाधारको व्यवस्था गर्न जोड दिइनेछ ।

२.२ स्थानीय श्रोत एवं सीपको उपयोग गरी लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा जोड दिइनेछ ।

२.३ सडक सञ्जालको विस्तार गरी तथा स्तरोन्नती गरी गाउँबासीको बजारसम्म सहज पहुँच पुऱ्याइनेछ ।

२.४ सबै पसलहरुमा विक्री हुने सामानको मूल्य सूचि राखी मात्र कारोबार गर्ने व्यवस्था मिलाइनेछ । वेला वेलामा अनुगमन गरी गुणस्तरहिन मिति सकिएको सामानको विक्री वितरण गर्नेलाई कारवाहीको दायरामा ल्याई नियमानुसार कारवाही गरिनेछ ।

**३) पर्यटन विकास सम्बन्धी नीति :**

३.१ पवित्र स्थल कालिका क्षेत्रलाई गाउँपालिकाले पर्यटकीय क्षेत्र घोषणा गर्दै राष्ट्रिय स्तरको पर्यटकीय क्षेत्र घोषणा गराउन पहल गर्ने नीति लिइनेछ ।

३.२ कालिका गाउँपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसान्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइने छ ।

३.३ पर्यटकीय स्थल मार्ग र वरीपरीको क्षेत्रमा होम स्टे/पाहुना घर निर्माण गर्ने र पर्यटक मैत्री गाउँपालिका बनाउन पहल गरिने छ ।

३.४ पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिर्सोट खोल्न नीजी-सार्वजनिक साझेदारीमा पर्यटकीय स्थलहरूको प्राकृतिक सौदर्न्यतामा खलल पुऱ्याउन नदिने र स्वच्छता तथा सरसफाईमा विशेष ध्यान दिन आवश्यक पहल गर्ने नीति लिइने छ ।

३.५ पवित्र कालिका मन्दिर क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने निति लिइनेछ । स्याउबारी क्षेत्रमा पिकनिक पार्क निर्माण कार्य थालनी गरिनेछ ।

३.६ पाँच वर्ष भित्र प्रत्येक वडामा एउटा एउटा भ्यू-टावर निर्माण गरिनेछ र सो को सुरुवात वडा नं २ बाट गरिनेछ ।

३.७ परम्परागत मूल्य र मान्यताका साँस्कृतिक रीतिरिवाजको संरक्षण र सम्वर्द्धनका कार्यहरु गर्ने ।

३.८ कालिका गाउँपालिकालाई अर्गानिक खाना पाइने क्षेत्रको रुपमा विकास गर्दै पर्यटक आकर्षण गरिनेछ ।

३.९ कालिकास्थान, स्याउवारी , लोकिल हुदै गोसाइकुण्ड सम्म पुग्ने पर्यटकीय पदमार्ग निर्माणमा जोड दिइनेछ ।

३.१० पर्यटन आर्कषण र सहज पँहुचको लागि कालिका क्षेत्र भित्रको मुख्य पर्यटकीय/धार्मिक स्थलसम्म केवलकार सञ्चालन गर्न निजी क्षेत्रसँग साझेदारी गर्ने नीति लिइनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

## ४) सहकारी सम्बन्धी नीति

४.१ सहकारी संस्थालाई कृषि, पर्यटन, उद्योग, ऊर्जाजस्ता प्रत्यक्ष उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ।

४.२ सहकारी संस्थाहरूको व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ।

४.३ सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमूलक तालिम उपलब्ध गराईमहिलालाई विशेष प्राथमिकता दिईने छ।

४.४ सरकारी, सहकारी र नीजि लगानी बाट समृद्ध कालिका गाउँपालिका निर्माण गर्ने नीतिलाई कार्यन्वयन गर्दै लगानी मैत्री कालिका गाउँपालिका बनाउन पहल गरिनेछ।

४.५ सहकारीहरुलाई सुपथ मूल्य पसल खोल्ने व्यवस्था गर्नको लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ।

## ५) वित्तीय क्षेत्र सम्बन्धी नीति :

५.१ वित्तीय क्षेत्रको समावेशी तथा दिगो विकास र विस्तार गर्न एवम् स्थायित्व कायम गर्न नीतिगत र संरचनागत सुधार आवश्यक ध्यान दिइनेछ।

५.२ उत्पादनशील क्षेत्र तथा पिछडिएको क्षेत्रमा वित्तीय सेवा विस्तार तथा उत्पादनमा सहुलियत ऋण प्रदान गर्न प्रोत्साहन गर्नुका साथै वित्तीय साधनको उपयोग मार्फत् आर्थिक क्रियाकलाप विस्तारको वातावरण तयार गर्ने।

५.३ गाउँघरसम्म कुना-कुना सम्म बैंकको सेवा दिनको लागि बैंकहरुसंग सहकार्य गर्ने व्यवस्था गरिनेछ।

५.४ गाउँपालिकाबाट दिइने भुक्तानी र प्राप्त हुने आम्दानीलाई व्यवस्थित बनाउन बैंकिङ्ग प्रणालीवाट मात्र आम्दानी र भुक्तानी गर्ने व्यवस्था मिलाईने छ ।

५.५ संविधान तथा प्रचलित कानून बमोजिम स्थानीय तहले उठाउन पाउने कर, शुल्क, दस्तुर काडाइका साथ उठाउँदै कालिका गाउँपालिकाको आन्तरिक आम्दानी बढाउदै लैजाने नीति लागू गरिनेछ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

## सामाजिक विकास

### १)शिक्षा

१.१ विज्ञान तथा प्राविधिक शिक्षालाई गाउँवासीको पहुँचमा पुऱ्याउन कम्तीमा एउटा प्रयोगशाला सहितको विज्ञान तथा प्राविधिक विद्यालयको स्थापनामा जोड दिइनेछ ।

१.२ कालिका गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर अभिवृद्धिकोका लागि गाउँपालिका शिक्षा योजना निर्माण गरी कार्यन्वयन गरिनेछ । साथै अनौपचारिक शिक्षा मार्फत् साक्षरता दर बढाउँदै निरक्षरता हटाइनेछ ।नरक्षरता किटान गरि एक व्यक्ति साक्षर वनाउने व्यक्ति /संस्थालाई विशेष प्रोत्साहन दिने नीति लिइनेछ ।

१.३ विद्यालय तहको अन्तिम परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, सबै भन्दा राम्रो विद्यालय, सबै भन्दा उच्च दरमा विद्यार्थीहरू उतीर्ण गराउन सफल विद्यालय र विषयगत शिक्षकहरूलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

१.४ सामुदायिक अध्ययन केन्द्र तथा बालविकास केन्द्रहरूलाई सक्षम, प्रभावकारी र कार्यमूलक बनाइनेछ ।

१.५ साक्षर नेपाली अभियानलाई पुरा गर्नका लागि साक्षर गाँउपालिकाका रूपमा स्थापित गर्न प्रयास गरिनेछ ।

१.६ आधुनिक शिक्षाको अभिवृद्धी गर्दै सरोकारवाला निकायहरूसंगको समन्वय र सहकार्यमा विद्यालय स्तरमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ ।

१.८ उत्कृष्ट दलित छात्रछात्रालाई छात्रबृद्धिको व्यवस्था मिलाउने ।

१.९ कालिका हिमालय क्याम्पसलाई स्तरोन्नती गरी स्नाकोत्तरसम्म अध्ययनको लागि सम्बन्धन लिन र सञ्चालन गर्न सहयोग गर्ने ।

१.१० गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा अनिवार्य रुपमा मन्टेश्वरी कक्षाको शुरुवात गरी कक्षा १ बाट नै अंग्रेजी भाषाको पठन पाठन शुरु गरिने नीति लिइनेछ ।

१.११ सबै विद्यालयहरुमा सूचना प्रविधि पहुँचको व्यवस्था मिलाउने नीति लिइनेछ ।

१.१२ गाउँपालिका स्तरीय सार्वजनिक पुस्तकालयको स्थापना गर्ने नीति लिइनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

**२)स्वास्थ्य**

२.१ सबैलाई सर्वसुलभ स्वास्थ्य सेवाका लागि यस गाउँपालिका अन्तरर्गत सञ्चालित सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

२.२ स्वास्थ्य सेवाको पहुँच नपुगेका यस गाउँपालिकाका वस्ती तथा जनसमुदायको पहिचान गरी एकीकृत स्वास्थ्य सेवालाई घुम्ती वा विशेष शिविर मार्फत् सर्वसुलभ गराइनेछ ।

२.३ अपाङ्गता भएका व्यक्ति, अति गरीब, असाहय, जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका र एकल महिलाहरुलाई यस गाउँपालिका अन्तरर्गत उपलब्ध हुने सम्पूर्ण स्वास्थ्य सेवा निशुल्क गर्ने नीति लिइनेछ ।

२.४ यस गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको समय सापेक्ष स्तरोन्नती, सेवामा विशिष्टिकरण लगायत आवश्यकता अनुसार थप स्वास्थ्य सेवा प्रदान गर्ने केन्द्रहरुको व्यवस्था गर्ने नीति लिइनेछ ।

२.५ नेपाल सरकारबाट हाल प्राथमिकतामा परेका खोप सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन सेवा, नवशिशु तथा एकीकृत बाल रोग व्यवस्थापन सेवा, पोषण सेवा लगायतका सेवाहरुलाई प्राथमिकीकरण अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२.६ स्वास्थ्य सेवालाई एकीकृत बहुक्षेत्रीय सरोकारको विषय बनाई यस क्षेत्रमा संलग्न सम्पूर्ण सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुलाई साझा रुपमा समन्वय गर्ने गराउने नीति  लिइनेछ ।

२.७ स्वास्थ्य वीमा कार्यक्रमलाई अगाडी बढाई स्वास्थ्य सेवालाई दीगो बनाउने नीति लिइनेछ ।

२.८ स्वास्थ्य जीवन शैलीको लागि फोहोरमैलाको उचित विसर्जन र वातावरणीय सरसफाइलाई प्राथमिकतामा राखिनेछ ।

२.९ पैसाको अभावमा कोही पनि स्वास्थ्य सेवाबाट वञ्चित हुन नपरोस् भनी स्वास्थ्य क्षेत्रमा गाउँपालिकास्तरीय आकस्मिक स्वास्थ्य कोष खडा गर्ने नीति लिइनेछ ।

२.१० निजी रुपमा सञ्चालनमा रहेका र स्थापना हुने स्वास्थ्य संस्थाहरुलाई गाउँपालिकाको आवश्यकता अनुसारको स्थान तथा क्षेत्रमा सेवा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । त्यस्ता संस्थाले प्रदान गरेका सेवा सम्बन्धमा गाउँपालिकाले आवश्यकता अनुसार प्रतिवेदन प्राप्त गर्ने व्यवस्था गरिनेछ । गाउँपालिका को स्बीकृतिमा न्यूनतम रुपमा १५ महीना सामान्य चिकीत्सा तथा फार्मेसी फार्माक्लोजि बिषय लिइ अध्ययन गरेका हरुले समेत निजी मेडिकल तथा क्लिनीक स्थापना गरी स्वास्थ्य सेवालाइ सर्बसुलभ बनाउन पहल गरिने छ ।

२.११ नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्य पदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा निरुत्साहन गर्ने नीति लिइनेछ ।

२.१२ भदौरेमा सञ्चालनमा रहेको आयुर्वेद औषधालय व्यवस्थीत संचालन गर्न आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

२.१३ महिला स्वयंसेविकाहरुको सेवाको कदर गर्दै सेवा सुविधामा थप सेवा सुविधा बृद्धिको नीति लिइनेछ ।

२.१४ यस गाउँपालिकाको वडा नं. २ मा रहेको सामूदायिक स्वास्थ्य इकाइलाई वर्थिङ सेन्टर हुदै अप्रेसन सहितको प्रसुति सेवा केन्द्र को रुपमा विस्तार गरिने छ ।साथै जिबजिबे प्रा.स्वा.के. लाइ ग्रामिण अस्पतालको रुपमा बिकास गरिने छ र बेतिनी सामुदाइक स्वास्थ्य इकाइ लाइ बर्थिङ सेन्टरसहितको इकाइ को रुपमा बिकास गर्नुकोसाथै वडा नं १ र ४ मा सामुदाइक स्वास्थ्य इकाइ तथा खोपकेन्द्र स्थापना गर्ने निति लिइने छ । वडानं १ मा रहेको राम्चे स्वास्थ्यचौकिबाट सेवाको पहुँच टाढा भएका बस्थीहरु पहिचान गरि बिषेश स्वास्थय सेवा परिचालन गरिने छ ।

२.१५ कालिका गाउँपालिकामा यसै वर्ष एउटा एम्बुलेन्स खरिद गरि संचालनमा ल्याईने छ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

## ३ खानेपानी तथा सरसफाइ

३.१ व्यक्तिको स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्न गाउँपालिका भित्रका सबै खानेपानीका मुहानहरूलाई स्वत: गाउँपालिकाको स्वामित्वमा ल्याई पानीको मुहान र धाराको संरक्षण गरी एक घर एक खानेपानीको धारा निर्माण गर्ने नीति लिइने छ ।

३.२ पानी उपयोगको वैज्ञानिक मान्यताका आधारमा पानी उपयोगलाई प्राथामिकिकरण गरी पहिलो खानेपानी, दोस्रो सिंचाई तेस्रो जलविद्युत् र चौथो औद्योगीकरण तथा मनोरञ्जनको लागि प्रयोग गरिनेछ ।

३.३ स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा राखी प्रत्येक उपभोक्ताले न्युनतम रकम नियमित जम्मा गर्नु पर्ने नीति लिदैं खानेपानी आयोजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ साथै विगतमा निर्माण भई सञ्चालनमा रहेका खानेपानी आयोजनाहरू उपभोक्ताहरूको सहभागितामा दिगोरूपमा सञ्चालन गर्ने नीति लिइनेछ ।

३.४ एक घर एक शौचलयको अवधारणालाई कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले सरसफाइ गर्नुपर्ने अवधारणाको विकास गरिनेछ ।

३.५ पूर्ण सरसफाइको सूचक तयार गरी सफा र नमूना घर घोषणा गरी निश्चित मापदण्ड पुगेका घरहरुलाई गैर सरकारी संस्थाको साझेदारीमा पुरस्कृत गरिने नीति लिइनेछ ।

३.६ कालिका गाउँपालिकालाई स्वच्छ गाउँपालिकाको रूपमा स्थापित गर्न जसले फोहोर गरेको हो, उसैले सफाई गर्नुपर्ने नीति अनुसार सार्वजनिक स्थानमा फोहोर गरेमा दण्ड जरीवाना गर्ने र प्लाष्टिक विहिन गाउँपालिका निर्माण गर्ने दिशामा अघि बढाइने छ ।

३.७ पानीका मुहान संरक्षणका साथै पानीका स्रोतको सञ्चिती बढाउन पहल गरिने छ ।

३.८  मानिसको बढी आवागमन हुने स्थान वा सार्वजनिक स्थल र बजार क्षेत्रमा गैर सरकारी संस्था समेतको सहयोगमा सार्वजनिक शौचालय निर्माण गरिने नीति लिइनेछ ।

३.९ उपयोग/उपभोग भई खेर जाने पानीको सहि प्रयोगको लागि जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

३.१० सबै नागरिकको सामूहिक पहलबाट मात्र गाउँपालिकाको सरसफाइ तथा सौन्दर्यता अभिवृद्धि हुने हुँदा हरेक वर्ष सरसफाइ सप्ताहको आयोजना गरिनेछ ।

३.११ पालिकाभरी लिफ्टिङ खानेपानीको सम्भाव्यता अध्यन गरि योजना सञ्चालन गर्ने नीति लिइनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

## ४) संस्कृति प्रबर्द्धन

४.१ वडा नं. १मा तामाङ समुदायको समेत बाहुल्यता रहेको हुँदा सो समुदायको संस्कृति संरक्षण र सम्बर्द्धन हुने गरी तामाङ संग्रहलय स्थापना गर्ने प्रकृया अघि बढाइनेछ।

४.२ मौलिक तथा प्राचिन संस्कृति प्रवर्द्धनका कार्यक्रम सञ्चालनलाई प्राथमिकता दिइनेछ।

४.३ कालिका गाउँपालिका भित्र कम्तिमा प्रति वडा एकको दरले ५ वटा किरिया घर निर्माण गर्ने नीति लिइनेछ।

४.४ गाँउपालिका भित्र रहेका मठ, मन्दिर,गुम्बा र चर्चको पहिचान गरी संरक्षण र संम्बर्द्धन गरिनेछ। साथै वडा नं ३ मनकामना मन्दिर निर्माण कार्य शुरु गरिने छ।

## ५) खेलकुद तथा मनोरञ्जन

५.१ गाउँपालिकाको विभिन्न स्थानहरूमा निर्माण गरिएका खेल मैदानहरूलाई स्तरोन्नती गर्दै क्रमशः राष्ट्रिय मापदण्ड अनुसारको खेल मैदान निर्माण गरिनेछ। साथै ५ वटै वडामा खेलकुद मैदानको स्थापनामा प्राथमिकता दिइनेछ।

५.२ गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न गाउँ खेलकुद विकास समिति गठन गरी गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालनलाई प्राथमिकता दिइनेछ।

५.३ सडकको मापदण्ड पुगेका सडकको सौन्दर्य बढाउन सडक छेउ वा उपयुक्त स्थानमा फूलका बँगैचा निर्माण गर्दै सौर्य वत्ती जडान तथा यात्रु प्रतिक्षालय निर्माण गर्ने नीति लिइनेछ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

**६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

६.१ विकास आयोजनाहरूको कार्यन्वयनमा महिला सुनिश्चितता कायम गर्नको लागि महिला मात्र उपभोक्ता समितिका पदाधिकारी रहेको योजनाहरुमा थप कन्टेन्जेन्सी बापतको रकम नकाटिने व्यवस्था गरिनेछ ।

६.२ निर्णय प्रकृयामा महिला सहभागिता बढाउन, महिला विरुद्ध हुने सबै प्रकारका विभेद रोक्न र लैगिंक सशक्तिकरण तथा सामाजिक समावेशीकरण नीति अनुरूप महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.३ लैगिंक हिंसा र मानव वेचविखन जस्ता सामाजिक अपराध जन्य कार्यलाई नियन्त्रण र निरूत्साहित गर्ने नीति लिइनेछ । साथै भुमीमा महिलाको स्वामित्व सुनिश्चित गर्ने नीति लिइनेछ ।

६.४ बालमैत्री पूर्वधारहरूको विकास गर्दै नेपाल सरकारले ल्याएको बाल मैत्री स्थानीय शासनको अवधारणा अनुरूप स्थानीय तह तथा सरोकारवालाहरूको समन्ययमा बालश्रम मुक्त कालिका गाउँपालिका बनाउने नीति लिइनेछ

६.५ बालबालिकाहरूको पोषण, हेरचाह बालश्रम न्युनीकरण तथा असाहय बालबालिकाको संरक्षण गर्ने नीति लिइनेछ ।

६.५ जातीय तथा लैङ्गिक आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै विभेद मुक्त कालिका गाउँपालिका निर्माण गर्ने नीति लिइने छ ।

६.६ गाउँपालिकाले संचालन गर्ने कार्यक्रमहरुमा आदिबासी जनजाति, दलित र अपाङ्गगता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गको सामाजिक तथा आर्थिक उन्नतीको लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६.७ अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वास्तविक तथ्यांङ्क संकलन गरी विभिन्न सहयोगी संस्था समेतको सहयोगमा समुदायमा आधारित पुनस्थापना गृह निर्माण कार्य अगाडि बढाउने नीति लिइनेछ ।

६.८ जेष्ठ नागरिकहरूका लागि वृद्धआश्रम स्थापना गर्ने नीति लिइनेछ । साथै गाउँपालिका केन्द्रमा बृद्धवृद्धा आरोग्य केन्द्र स्थापना गर्ने नीति लिइने छ ।

६.९ गाउँपालिका क्षेत्रमा अब बन्ने सरकारी संरचनाहरु अपाङ्गमैत्री बनाउने नीति लिइनेछ ।

६.१० सामाजिक रूपान्तरण मार्फत् गरिबी न्युनीकरणलाई सहयोग पुर्‍याउन आर्थिक तथा समाजिक रूपमा पछाडि पारिएका वर्ग तथा समुदाय तथा अल्पसंख्यकको आवाज अभिबृद्धि गर्न र सेवा प्रवाहमा उनीहरूका पहुँच अभिबृद्धि गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

६.११ हरितालिका तिज लगायतका विशेष अवसरमा महिला सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

६.१२ वृद्धवृद्धा र अपाङ्ग, असाहयलाई कार्डको व्यवस्था गरी औषधि र यातायातमा विशेष छुटको व्यवस्था गर्ने नीति लिइनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

## पूर्वाधार विकास

### १ स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल

१.१कालिका गाउँपालिकाकोसबै वडा केन्द्र जोड्ने सडकलाई आगामी ५ वर्ष भित्र कालोपत्रे बनाउने र बाँकी सबै सडकलाई सर्वयाम बनाइनुका साथै नयाँ सडकको ट्र्याक खोल्ने भन्दा पनि पुराना सडकलाई स्तरोन्नती गर्ने प्राथमिकता दिइनेछ ।

१.२ सडकहरुको नियमत सञ्चालनको लागि आकस्मिक कोषको व्यवस्था गर्ने नीति लिइनेछ ।

१.३ सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण गरी निर्माण गरिनेछ ।

१.४ गाउँपालिकाले लगानी र फरफारक गर्नु पर्ने सबै सडक मार्गहरू, कम्तिमा ४ मिटर चौडाइको हुनु पर्ने नीति लिइने छ ।

१.५ स्थानीय जनता तथा उपभोक्ताको समेत सहभागितामा स्थानीय पूर्वाधारहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

१.६ राजमार्ग लगायतका सडकमा व्यक्तिगत वा व्यापारिक सामान राख्ने, फोहोर पानी बगाउने गाउँपालिकाले नतोकेको क्षेत्रमा गाडा वा अन्य कुनै साधनमा व्यापारिक सामान विक्री गर्न र चौपाया, तथा कुखुरा लगायतका वस्तु छाडा भई सवारीद्धारा किचिन गएमा सो को क्षतिपूर्ति सवारीधनी, मजदुर वा सवारी सम्वद्ध व्यक्तिले कुनै क्षतिपूर्ति दिनु नपर्ने नीति लिइनेछ ।

१.७ सडक लगायतका पूर्वाधार निर्माणमा वातावरणीय पक्षलाई ख्याल गर्नुपर्नेछ र सो कार्य गर्दा रुख तथा वनस्पति मासिन गएमा सडक वा संरचना वरपर नोक्सान भएको वनस्पति सार्नुपर्ने नीति लिइनेछ ।

१.८ सडकमा वर्षाको समयमा पहिरोले दुख दिइरहने क्षेत्रमा बायो इन्जिनियरिङ्गलाई प्राथमिकता दिइनेछ ।

१.९ यस गाँउपालिका भित्र पर्ने पासाङ ल्हामु राजमार्ग लगायतका स्थानमा गएका ठुला पहिरो नियन्त्रण गर्न र पहिरोलाई जनताको सहभागितामा रोकथाम गर्न आवश्यकता अनुसार सरोकार समितिहरु गठनगरी सम्वन्धित निकायमा दवाव समेत सृजना गरिनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

## २) सिञ्चाइ

२.१ कालिका गाउँपालिका क्षेत्रभित्र सिञ्चित क्षेत्र बृद्धि गरिनुका साथै जलश्रोतको बहुउद्देशिय प्रयोगमा प्राथमिकता दिइनेछ ।

२.२ आकाशे पानी सङ्कलन, भण्डारण तथा प्रभावकारी उपयोग प्रविधिको विस्तार गर्दै सीमान्तकृषिभूमि एवम् पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा, फोहोराजस्ता प्रविधिउपयोग गरिनेछ ।

## ३. भवन तथा सहरी विकास

३.१ सरकारी सेवालाई एकीकृत, सुलभ र सहज बनाउन एकीकृत प्रशासनिक क्लस्टर तथा भवनको विकास गर्ने नीति लिइनेछ ।

३.२ भवन निर्माण सम्बन्धी संघीय सरकारले तयार गरेको मापदण्ड तथा संहिताको पालना गर्दै गाउँपालिकाभित्र बन्ने घरहरुको नक्सापासको कार्य अगाडि बढाइनेछ ।

३.३ गाउँपालिका क्षेत्रभित्रका घरहरुको अभिलेख तयार गर्ने वार्षिक रुपमा घरधुरी कर निर्धारण गरी घरधुरी कर उठाउने व्यवस्था गरिनेछ ।

३.४ कालिका गाउँपालिका केन्द्र वरिपरि निर्माण हुने सानो शहरको डिजाइन गरी सुन्दर शहर निर्माण गर्ने नीति लिइनेछ । गाउँपालिकाको र ५ ओटै वडाहरुको आफ्नै कार्यालय भवन बनाउन पहल गरिनेछ । यस वर्ष कम्तीमा एउटा वडा कार्यालय भवन निर्माण गरिने छ । साथै गाँउपालिका भित्र रहेका सामुदायीक भवनहरुको पुननिर्माण तथा मर्मत सम्भारमा जोड दिइनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

**४ उर्जा, लघु तथा साना जलविद्युत् (वैकल्पिक उर्जा समेत):**

४.१ ग्रामीण तथा सामुदायिक विद्युतीकरणको विकास र विस्तारमा विशेष जोड दिँदै समुदायमा आधारित विद्युत् उत्पादन प्रणाली, नविकरणीय तथा बैकल्पिक उर्जा उत्पादन र प्रवर्द्धनलाई जोड दिइनेछ ।

४.२ गाउँपालिकाको आर्थिक उन्नती र उर्जा संकटलाई न्युनीकरण गर्न गाउँपालिकाको मातहतमा रहने गरी उर्जा उत्पादनका लागि निजी सार्वजनिक साझेदारीमा लगानीलाई प्रथामिकता दिने निति लिइनेछ। सबै प्रकारका विद्युत् आयोजनाहरूमा जनताको लगानी अभिबृद्धि गर्न प्रोत्साहित गरिनेछ ।

४.३ बायोग्यास, सुधारिएको चुल्होको व्यापक प्रवर्द्धन तथा विस्तार गर्न घरायसी बायोग्यास प्लान्ट सुधारिएको चुलो जडान गर्ने नीति लिइनेछ ।

४.४ जलविद्युत्को अत्यन्त सम्भावना भएको जिल्ला भएको कारण गाउँपालिका आफैले र निजी वा अन्य क्षेत्रसंग सहकार्य गरी जलविद्युत् उद्योगमा लगानी गर्ने नीति लिइनेछ ।

**५ सञ्चार**

५.१ गाउँपालिकाको सबै क्षेत्रमा मोबाइल सेवाको गुणस्तर बढाउन सम्बन्धित निकायमा पहल गरिनुको साथै टेलिफोन लाइन विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

५.२ कालिका गाउँपालिकाको कार्यलय परिसर तथा गाउँपालिकाले बजार तथा सार्वजनिक रुपमा मानिसको जमघट हुने स्थान पिकनिक स्पोर्ट, अस्पताल, विद्यालयवरपर फ्रि वाइफाई सेवा सञ्चालन गरिनेछ ।

५.३ सबै वडा कार्यालयमा इन्टरनेट पहुँच पुऱ्याई व्यक्तिगत घटना अनलाइन दर्ता गर्ने र त्यहाँबाट प्रवाह हुने सेवाको सम्बन्धमा जानकारी र रिपोर्टिङ्ग नियमित गाउँपालिका र सम्बन्धित निकायमा पुऱ्याउन आवश्यक पहल गरिनेछ ।

५.४ गाउँपालिकाले आफै एफ.एम. सञ्चालन गर्न गृहकार्य थाल्नुका साथै हाललाई यस क्षेत्र भित्र रहेका एफ.एम.सेवा तथा अन्य सञ्चार माध्यमको विकासलाई अगाडि बढाउँदै व्यावशायिक बनाउने तर्फ प्रोत्साहित गरिनेछ ।

५.५ राज्यको चौथो अंग पत्रकारिता मार्फत् अनुगमन, सार्वजनिकरण तथा पारदर्शिता कायम गर्ने नीति लिइनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

**वातावरण तथा विपद् व्यवस्थापन**

## १. वन तथा भूसंरक्षण

१.१ पुनःनविकरणीय वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागिता अभिबृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले गाउँपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याइनेछ ।

१.२ वनलाई आर्थिक तथा वातावरण मैत्री बनाउन बैज्ञानिक वन व्यवस्थापन योजना निर्माण गर्न तथा वनजन्य उद्योगहरू स्थापनालाई नीतिगत रूपमा खुकुलो बनाउन सम्बन्धित निकायमा पहल गरिनेछ ।

१.३ गाउँपालिकामा कम्तिमा एउटा नर्सरी स्थापना गरी वन विकास तथा सडक, नदी र सार्वजनिक जग्गाहरूमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपण गरिनेछ र निजी वन लगाउन प्रोत्साहन गरिनेछ ।

१.४ संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन-वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र (Biodiversity hot Spot) को पहिचान तथा संरक्षण, जैविक विविधता अभिलेखीकरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

१.५ जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न विकासका सबै चरणहरुमा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लैजान सरोकारवालहरूको ध्यानाकर्षण गराइनेछ । रेड प्लस कार्वन सञ्चितबाट यो गाउँपालिकाले अनुदान प्राप्त गर्न सक्ने अवस्था रहेकोले सो सम्बन्धमा आवश्यक पहल गरिनेछ ।

१.६  जग्गा विहिन, अति गरिव, महिला घरमूली भएका दलित तथा जनजातिलाई प्राथमिकता दिई वन समुह गठन गर्ने, वन हस्तान्तरण गर्ने र आयमुलक कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

१.७ भू -क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई न्युनिकरण गर्न प्रकोप व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ ।

१.८ सक्रिय/निश्क्रिय रहेका सामुदायिक वनहरुलाई वन सम्बद्ध विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सक्रिय सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

१.९  जडिबुटी तथा वन औषधीको सम्भावना रहेको कालिका गाउँपालिकामा जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्ने तथा भएका केन्द्रलाई दीगो संचालनमा पहल गरिनेछ। साथै यस्ता केन्द्रको सञ्चालनमा छिमेकी गाउँपालिकासंग पनि आवश्यक सहयकार्य गरिनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

**२. वातावरण संरक्षण**

२.१ विकास निर्माणका हरेका क्रियाकलापमा वातावरण संरक्षणलाई विशेष महत्व दिइनेछ ।

२.२ सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण गर्ने तथा उपयुक्त स्थानमा लाई पार्कको रुपमा समेत विकास गरिने नीति लिइनेछ ।

२.३ बजार क्षेत्रको फोहोरलाई व्यवस्थित गर्न सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनुको साथै ढल निकासको व्यवस्था गरी बजारबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने छुटयाई नकुहिने फोहोरको उचित विसर्जनको लागि डम्पिङ्ग साइटको व्यवस्था गरिनेछ ।

२.४ जलवायु परिवर्तनको असरबाट पर्न सक्ने नकारात्मक असरलाई कम गर्न विभिन्न निकायको सहकार्यमा आवश्यक नीति लिइनेछ ।

**३) विपद् व्यवस्थापन**

३.१ लाभग्राहीको सूचिमा नाम नपरेका भूकम्प पीडित परिवारको एकिन गरी नयाँ घर वनाउन अनुदानको लागि समन्वय एवं सिफारिस एवं आवश्यक पहल समेत गर्दै पुननिर्माण लाभग्राहीहरुको आगामी २ वर्ष भित्र भूकम्प प्रतिरोधी र व्यवस्थित घर निर्माण गरिसक्ने गरी कार्यक्रम संचालन गर्ने ।

३.२ भुकम्पपिडित परिवारलाई स्थापित गर्नका लागि विभिन्न संघ- संस्था संग मिलेर/साझेदारीमा एकिकृत नमुना बस्ती निर्माण गर्ने निति लिइनेछ ।

३.३ यस गाउँपालिकामा एक वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी विनियम तयार गरी सो का आधारमा समिति गठन र विपद् व्यववस्थापन कोष खडा यस वर्ष गाउँपालिकाबाट रकम जम्मा गर्न शुरु गरिनेछ । साथै यस क्षेत्र भएका गैऱ्ह सरकारी संस्थाको कुल कार्यक्रमको निश्चित रकम जम्मा गर्नुपर्ने व्यवस्था गरी विनियमका आधारमा रकम खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

**१) सामान्य सेवा**

१.१ गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गरिनेछ ।

१.२ सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको नागरिक बडापत्र क्रमशः कार्यान्वयन गर्ने नीति लिइनेछ ।

१.३ प्रत्येक कर्मचारीको कार्यविवरण तयार गरी कार्यविवरणको आधारमा कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार तथा दण्डको नीति लिइनेछ । साथै कार्यरत कर्मचारी मध्ये वार्षिक रुपमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी पहिचान गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१.४ कर्मचारीमा रहेको दोहोरो तेहरो सुविधा लिने प्रचलनलाई क्रमशः निरुत्साहन गरिनेछ तर कामको चाप हेरी प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१.५ सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेयिहता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशानसनको अनुभूति दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह सरल र प्रभावकारी गराईने छ ।

१.६ गाउँपालिकाबाट संचालन गर्ने योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित रुपमा संचालन गर्न र सबै वडाहरुबाट सम्पादन गरिने कामलाई एकरुपता कायम गर्न कार्यक्रम कार्यन्वयन कार्यविधि वनाई लागू गरिने छ ।

१.७ समय समयमा घुम्ती सेवाको माध्यमबाट सेवालाई नागरिकको पहुँचमा पुऱ्याइनेछ ।

१.८ नमूनाका रुपमा चिनिएका स्थानीय तहको अवलोकन भ्रमणको व्यवस्था गरी अन्य स्थानीय तहले गरेको असल अभ्यासलाई यस गाउँपालिकामा पनि व्यवहारमा उतारिनेछ ।

**२)सूचना प्रविधि**

२.१ गाउँपालिकाले प्रदान गर्ने सेवालाई छरितो रुपमा सम्पादन गर्न सूचना प्रविधिको उपयोगमा र सो को सही उपयोगको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

२.२ कर्मचारीको उपस्थितलाई नियमित र व्यवस्थित गर्न इ-हाजिरीको व्यवस्था गरिनेछ ।

**३) पञ्जिकरण व्यवस्थापन**

३.१ सूचना प्रविधिको उपयोगबाट पञ्जिकरणको अनलाइन प्रविष्टीको व्यवस्था गरिनेछ ।

३.२ वडाबाट हुने व्यक्तिगत घटना दर्ताको प्रतिवेदन समयमै वा गाउँपालिका आउने र गाउँपालिकाले पनि तोकिएको अवधिमै सम्बन्धित निकायमा पठाउने व्यवस्था गरिनेछ ।

**४) स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन**

४.१ गाउँपालिकामा उपलब्ध जनशक्तिको उपयोगबाट तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी नीति निर्माण लगायत यसले सम्पादन गर्ने क्रियाकलापलाई व्यवस्थित बनाइनेछ । सो को लागि आवश्यकता अनुसार स्वयंसेवक परिचालन गरिनेछ ।

४.२ गाउँपालिकाको विकास निर्माण तथा स्थितीको यथार्थ विवरण प्राप्त हुने गरी गाउँपालिका स्तरीय पार्श्वचित्र तयार यसै वर्ष गरिनेछ ।

**५) सुशासन प्रवर्द्धन**

५.१ गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई मर्यादित बनाउन आचार संहिता तयार गरी लागू गरिनेछ ।

५.२ गाउँपालिकाले प्रदान गरेको सेवा सुविधामा सेवाग्राहीको गुनासो सुनुवाई गर्न आवधिक रुपमा सार्वजनिक सुनुवाइको व्यवस्था गरिनेछ ।

५.३ सेवा प्रवाहको बारेमा सूचना दिनको लागि सूचना अधिकारी तोकिने र सेवाको सम्बन्धमा जानकारी उपलब्ध गराउन सहायता कक्षको व्यवस्था गरिनेछ ।

# आ.व. २०७४/०७५ को प्रमुख नितीहरु

**विविध**

१. "आफ्नो गाउँ सुन्दर र समृद्ध बनाउ" भन्ने नीतिका आधारमा सबै वडाहरूले विकास निर्माण कार्यलाई अगाडि बढाउने नीति लिइने छ ।
२. यस कालिका गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरूको लगानीलाई एकद्धार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ । उक्त संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न गाउँपालिको हाल सञ्चालन गरिरहेको मासिक समन्वय बैठकका अतिरिक्त विशेष संयन्त्र बनाउने निति लिइनेछ ।
३. गैर सरकारी संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरूको नियमित अनुगमन गरी गैर सरकारी संस्थाहरु समेतको साझेदारीमा बुलेटिन प्रकाशन गरिनेछ ।
४. यस गाउँपालिकाकामा वसोवास गर्ने सुकुम्बासीको पहिचान गरी सुकुम्बासी लक्षित कार्यक्रमहरु संचालन गरिनुका साथै द्वैध स्वमित्वमा रहेका जग्गाहरुलाई किसानको नाममा दर्तागरिनेछ साथै वैज्ञानिक भुमिसुधारका लागि आवश्यक पहल गरिनेछ ।
५. शहीद पार्क निर्माण र शहीद परिवारलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
६. उत्कृष्ट कार्य सम्पादन गर्ने उपभोक्ता समितिको माग बमोजिम आगामी बजेटमा योजना तर्जुमालाई प्राथमिकता दिइनेछ ।
७. दिनानुदिन युवा वर्गमा देखिएको दुर्व्यसनीलाई निरुत्साहीत गर्न प्रहरी प्रशासन र अन्य संघसंस्थाको सहयोग लिई युवा लक्षित कार्यक्रम संचालन गरिने छ ।
८.सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गर्ने नीति लिइनेछ ।
९. शहीद राष्ट्रका सम्पत्ती हुन। यस गाँउपालिका भित्र पर्ने शहीद परिवारलाई उचित व्यवस्था गरी शहीदपार्क निर्माण गरिनेछ ।
१०. गाँउपालिका भित्र आकस्मिक रुपमा प्रकोपहरु वा कुनै कारणले पुगेको क्षतीको तत्काल राहत प्रदान गर्न र पुर्वाधारको मर्मत गर्न एक मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।

# आ.व. २०७४/०७५ को प्रगती

# वित्तिय समानिकरण

| क्र.स. | विवरण | विनियोजित रकम | जम्मा खर्च | बाकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रशासनिक खर्च | २४,१०५,१३८।०० | १८,४६४,४९८।३० | ५,६४०,६३९।७० | |
| २ | स्वास्थ्य शाखा | ५,३८६,०००।०० | ४,९८९,०५४।०० | ३९६,९४६।०० | |
| ३ | पशु शाखा | १,२८६,०००।०० | १,२८०,०००।०० | ६,०००।०० | |
| ४ | कृषि शाखा | २,१५४,५४६।०० | १,५९४,९५०।०० | ५५९,५९६।०० | |
| ५ | महिला शाखा | ६६५,०००।०० | ६५०,०००।०० | १५,०००।०० | |
| ६ | शिक्षा शाखा | ७५०,०००।०० | ७५०,०००।०० | ( | |
| ७ | पालिका स्तरीय कार्यक्रम | २५,४२५,०००।०० | १८,०४३,२३१।०० | ७,३८१,७६९।०० | |
| ८ | वडा नं.१ | ९,५०२,०००।०० | ७,०८४,०१६।०० | २,४१७,९८४।०० | |
| ९ | वडा नं.२ | १०,३००,०००।०० | ८,७५५,८०४।०० | १,५४४,१९६।०० | |
| १० | वडा नं.३ | १०,३००,०००।०० | ८,७७७,४५७।०० | १,५२२,५४३।०० | |
| ११ | वडा नं.४ | १०,०००,०००।०० | ७,११९,७५५।०० | २,८८०,२४५।०० | |
| १२ | वडा नं.५ | १०,३३२,५००।०० | ८,०६५,५६७।०० | २,२६६,९३३।०० | |
| १३ | कन्टिन्जेन्सी रकम | | १,४६४,८३४।९० | | |
| | जम्मा | ११०,२०६,१८४।०० | ८७,०३९,१६७।२० | २३,१६७,०१६।८० | |

# आ.व. २०७४/०७५ को प्रगती

# ससर्त अनुदान

| क्र.स. | विवरण | विनियोजित रकम | जम्मा खर्च | बाकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १४ | स्वास्थ्य चौकीहरु | ७,८५५,०००।०० | ७,४७०,७६४।०३ | ३८४,२३५।९७ | |
| १५ | एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ४,४८६,०००।०० | ३,६३०,८०९।०० | ८५५,१९१।०० | रु.२१३०० गत आ.ब को नगद मौज्दात राजश्ज शिर्षकमा फिर्ता |
| १६ | क्षयरोग नियन्त्रण | १४१,०००।०० | १४०,९९९।०० | १।०० | |
| १७ | राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सुचना केन्द्र | ७७,०००।०० | ७७,०००।०० | ( | |
| १८ | आयुर्वेद सेवा विभाग | २९६,०००।०० | २७९,९८०।०० | १६,०२०।०० | |
| १९ | आयुर्वेद औषधालय | १,५७२,०००।०० | ९६८,३६१।६० | ६०३,६३८।४० | |
| २० | पशु सेवा विभाग | २९६,०००।०० | २९५,७१०।०० | २९०।०० | |
| २१ | कृषि विभाग | ६४०,०००।०० | ६०६,४२०।०० | ३३,५८०।०० | |
| २२ | शिक्षा मन्त्रालय | ५७,०४७,०००।०० | ५४,४१०,१८५।४० | २,६३६,८१४।६० | |
| | जम्मा | ७२,४१०,०००।०० | ६७,८८०,२२९।०३ | ४,५२९,७७०।९७ | |

# आ.व. २०७४/०७५ को प्रगती

## आयोजना तथा अन्य विविध

| क.स. | विवरण | विनियोजित रकम | जम्मा खर्च | बाकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २३ | एल.जी.सी.डि पी (चालु) | ४६०,०००।०० | ९०,०००।०० | ३७०,०००।०० | |
| २४ | एल.जी.सी.डि पी (पुजिगत) | ६००,०००।०० | ६००,०००।०० | ( | |
| २५ | गरिवसंग विश्वेश्वर | ५२०,०००।०० | ५२०,०००।०० | ( | |
| २६ | सा.सु | १९७७९०००।०० | १५,२८१,२००।०० | ४,४९७,८००।०० | |
| २७ | गत आ.वको सा.सु वेरुजु दाखिला | २०६,४००।०० | २०६,४००।०० | ( | |
| | जम्मा | २१,५६५,४००।०० | १६,६९७,६००।०० | ४,८६७,८००।०० | |

# आ.व. २०७४/०७५ को प्रगती
# सारांशमा

| क्र.स. | शिर्षक | विनियोजित रकम | जम्मा खर्च | बाकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | वित्तिय समान्नीकरण | ११०,२०६,१८४।०० | ८७,०३९,१६७।२० | २३,१६७,०१६।८० | - |
| २ | ससर्त अनुदान | ७२,४१०,०००।०० | ६७,८८०,२२९।०३ | ४,५२९,७७०।९७ | फिर्ता |
| ३ | आयोजना तथा अन्य विविध | २१,५६५,४००।०० | १६,६९७,६००।०० | ४,८६७,८००।०० | फिर्ता |
| | कुल जम्मा | २०४,१८१,५८४।०० | १७१,६१६,९९६।२३ | ३२,५६४,५८७।७७ | |

# आ.व. २०७४/०७५ को प्रगती

# योजना तथा आयोजनाहरुको विवरण

## आ.व. २०७४/०७५ मा गाउँपालिकाद्धारा संचालित योजनाहरु (विषयगत वाहेक)

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | पूर्वाधार योजनाहरु | ११२ वटा |
| २ | लक्षित वर्गका आयोजनाहरु | २५ वटा |
| | जम्मा आयोजनाहरु | १३७ वटा |

# आ.व. २०७४/०७५ को प्रगती
# आयोजनागत प्रगतीहरु

| आ.व २०७४/०७५ मा नयाँ खनिएका तथा स्तरोउन्नति भएका सडकको विवरण | | |
|---|---|---|
| रोडको नाम/सडकको नाम | नयाँ/स्तरोन्नति | लम्बाई |
| गोम्बङ्ग्रांङ घिचेत सडक निर्माण | नयाँ | १००० मि. |
| राम्चे, पलेप, हदिफोरा, ग्राङ सडक निर्माण | नयाँ | १४५० मि. |
| चित्रपानीनया सडक इस्तार निर्माण | नयाँ | २०८४ मि=. |
| गुम्बा डाँडा प्रान्से मुरली भन्ज्याङ | नयाँ÷स्तरोन्नति | १६६० मि= |
| कालिकास्थान गैराघर सडकस्तरोन्नति | स्तरोन्नति | 1360 मि= |
| भन्ज्याङगकाभ्र कमरेगडीआम्फे सडक | स्तरोन्नति | १००० मि= |
| कालिकास्थानढकालडाँडा सडक स्तरोन्नति | स्तरोन्नति | २३२५ मि= |
| स्वर देखिकभ्रेखोला सडक निर्माण | नयाँ | ६२० मि= |
| कालिकास्थान ढकालडाँडा धारापानी सडक स्तरोन्नति -क_ | स्तरोन्नति | ७०० मि= |
| ढकाल डाँडापन्चमिटर सडक स्तरोन्नति | नयाँ | ५०० मि= |
| तारापानी मगरगाउँ प्याकुरेटोल सडक स्तरोन्नति | स्तरोन्नति | १५०० मि= |
| कटुन्जे चौतारा रिटानिङगवाल नि= | स्तरोन्नति | १००० मि= |
| उपल्लोवेतिनी थाक्ले वुलवुले सडक नि= | नयाँ | १११० मि= |
| तारुकेवेलचौर सडक | स्तरोन्नति | ३५२० मि= |
| ईटपारेडिखेत भोर्ले सडक | नयाँ÷स्तरोन्नति | ३००० मि= |
| डिखेतबस्ती सडक निर्माण | नयाँ | २०० मि= |
| सवानेगैराघर सडक नि= | नयाँ | २२० मि= |
| पहराफेदसिमलबोट देखि सिवमन्दिर सडक स्तरोन्नति | स्तरोन्नति | ८५० मि= |
| देवकोटाटोल देखि आयुरवेदसडक निर्माण | नयाँ | १३४२ मि= |
| आधिकारीटोलदेखि तल्लो रुप्सेपानी सडक निर्माण | स्तरोन्नति | ७२० मि= |
| दाईगरेचौरदेखि तल्लो भदौरे सडक | नयाँ | ३५० मि= |
| गैराबारीदेखि भोर्ला बोट बिच सडक निर्माण | नयाँ | ९२० मि |
| चौतारादेखि सुर्योदय प्रा=बि= सडक निर्माण | स्तरोन्नति | २३५ मि= |
| प्राथमिक स्वास्थ्यकेन्द्रदेखि भन्ज्याङ चौतारा सडक | स्तरोन्नति | २४० मि= |
| हाप्सिलाडाँडादेखि ज्याङलाङ आलडाँडा सडक स्तरोन्नति | स्तरोन्नति | ४७५० मि= |
| ढान्डकुवामानेडाँडा सडक | स्तरोन्नति | २०० मि= |
| गैरीगाउँदेखि फाट सडक निर्माण | नयाँ | ७२० मि= |
| रुप्सेपानीदेखि देवकोटा टोल सडक | नयाँ | ३४० मि= |
| ढान्डकोलेडीफाट सडक निर्माण | नयाँ | ९० मि= |
| दाईगरेचौरदेखि धुसघारी सडक | नयाँ | ४८० मि= |
| Total | | 34.486 KM |

# आ.व. २०७४/०७५ को प्रगती

# फोटोहरु





रास्चे पलेप कृषि सडक

# आ.व. २०७४/०७५ को प्रगती

## फोटोहरु






जिवजिवे ज्याङलाङ  कृषि सडक

# आ.व. २०७४/०७५ को प्रगती

## फोटोहरु





रामचे पलेप कृषि सडक

# आ.व. २०७४/०७५ को प्रगती

## फोटोहरु







रान्चे पलेप कृषि सडक

# शिक्षा सम्बन्धि कार्यक्रम











# युवा सम्बन्धि कार्यक्रम












# पूर्वाधार सम्बन्धि




















सुआहारा कार्यक्रम
दोस्रो चरण
USAID










२ दिने नि:शुल्क पशु स्वास्थ्य शिविर
स्वच्छ दूध उत्पादन कसरी गर्ने ?



# कर्मचारी दरवन्दी तथा पदपुर्तीको अवस्था

स्थायी रुपमा कर्मचारी संगठन संरचना नभएको र मन्त्रालयद्धारा स्विकृत अस्थायी संरचनामा जन्मा २७ जनाको दरवन्दी रहेकोमा पनि जम्मा १६ जना मात्र कार्यरत रहेका छन ।

गाउँपालिका कार्यपालिका द्धारा ३९ जनाको दरवन्दी तेरिज प्रस्ताव गरी स्विकृतीको लागि मन्त्रालय पठाइएको छ ।

# समस्या तथा चुनौतीहरु

- प्राविधिक जनशक्तिको अभाव
- दरवन्दी अनुसारको आवश्यक कर्मचारी नहुनु
- भौतिक संरचनाको अभाव(कार्यालयभवन वडा, सवारी साधन लगायत)
- नियम कानुनको अस्पष्टता
- उ.स.हरु समयमा सम्झौंता नगर्ने तथा जनश्रमदान जुटाउन कठिन

# मुख्य सिकाई

- आयोजनाहरु छान्दा स-सना भन्दा ठूला र प्रभावकारी छान्नुपर्ने
- उपभोक्ताहरुलाई सचेतीकरण गर्नुपर्ने

# नविनतम कार्य तथा असल अभ्यासहरु

१) वडा कार्यलयहरुलाई बजेट सिमा तोकी सो बमोजिम योजना छनौट ।

२) नियमिति कार्यपालिकाको वैठक वस्ने गरेको ।

३) महिलाहरुबाट मात्र गठन भएको उपभोक्ता समितिबाट योजना कार्यान्वयन गर्दा कन्टेन्जेनसी बापतको रकम नकाटि महिलालई विकासमा सहभागी हुन उत्प्रेरित गरिएको ।

४) सूचनामा पहुँच वढाउन गाउँपालिका भित्र जनघनत्व वढि भएका वस्तीहरुमा ८ स्थानमा फ्रि वाइफाई जडान

५) पुर्वाधारका विभिन्न क्षेत्र जस्तै पुल, वाटो, कृषि सडक मा लगानी बृद्धि गरिएको ।

६) कृषि, पशु तथा मानव स्वास्थ्यको क्षेत्रमा ससर्त वाहेक आवश्यक अनुसार वित्तिय समान्यीकरण बाट खर्चको व्यवस्था गरिएको ।

७) गाउँपालिकाले खर्च व्यहोर्ने गरि एक वर्थिङ सेन्टर र एक सामूदायिक स्वास्थ्य इकाई स्थापना गरि सेवामा बृद्धि गरिएको ।

८ व्यवसायिक कृषकहरुलाई कृषि सामग्रीमा ५० प्रतिशत अनुदान उपलब्ध गराईएको ।

९ यसै वर्षदेखि साना पशु १० वटा र ठुला पशु ५ वटा सम्मको एकै पटक विमा गर्दा विमा वापतको रकम कृषकलाई गाउँपालिकाबाट भुक्तानी दिने व्यवस्था गरिएको ।

# नविनतम कार्य तथा असल अभ्यासहरु

१०) गाउँपालिकाले एक एम्बुलेन्स खरिद गरि न्युनतम शुल्कमा संचालनमा रहेको

११) गाउँ पालिकाले फोहोर व्यवस्थापन गर्न डम्पीङ साइटको व्यवस्था गरि फोहोर बोक्ने एक थान टिप्पर ट्रक खरिद गरी संचानमा ल्याउन लागिएको ।

१२) गाउँ पालिका भित्रका पुर्वाधार निर्माण गर्न र त्यसको व्यवस्थागर्न एक थान JCV खरिद गरि संचलन गर्ने प्रकृयामा रहेको ।

१३) शिक्षा क्षेत्रमा आवश्यकता अनुसार लगानी गरिएको र गत वर्ष ECD कक्षा संचालनमा विद्यालयहरुलाई ECD सामग्री .खरिद गरि वितरण गरिएको । साथै प्रत्येक विद्यालयमा अध्यक्ष, स्रोतव्यक्ति, जनप्रतिनिधीहरुले अनुगमन तिव्र पार्दै उत्कृष्ठ शिक्षक, वि.व्य.स., प्र.अ., विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको । कालिका हिमालय क्यम्पसमा डिग्री संचालनको लागि बजेट व्यवस्था गरिएको ।

१४) असाहाय तथा अर्थिक अभावबाट अध्ययन गर्न नसक्ने विद्याथिहरुलाई छात्रबृद्धिको व्यवस्था गरिएको ।

१५) दुर्व्यसनीमा परेका युवालाई लक्षित गरि कार्यक्रम संचालन गरिएको ।

१६) भुमिहिन सुकुम्बासीलाई प्रोत्साहन स्वरुप अर्थिक सहयोग उपलब्ध गरिएको ।

१७) विपद व्यवस्थापन कोष स्थापना गरि प्राकृतिक प्रकोपबाट जोखिममा रहेका परिवारलाई राहत उपलब्ध गरिएको ।

१८) प्रा.स्वा.के.मा एक्सरे सेवा संचालनको लागि आवश्यक कार्य भइरहेको ।

१९) विशेषज्ञद्धारा महिनामा २ दिन सुरक्षित मतृत्व तथा USG सेवा शुरु गरिएको ।

२०) मुटु, मृगौला, क्यान्सर जस्ता जटिल रोग लागेका विरामीहरुलाई उपचारमा सहयोग गर्ने व्यवस्था मिलाइएको ।

२१) विशेषज्ञद्धारा २ महिनामा १ पटक मानसिक विरामीको परिक्षण र परामर्श दिने व्यवस्था मिलाइएको ।

# नविनतम कार्य तथा असल अभ्यासहरु

२२) गाउँपालिका भरी खानेपानीको व्यवस्था गर्न बृहत खार्पास्याङ खानेपानी योजनालाई छिटो सम्पन्न गर्न गाउँपालिकाबाट समेत लागत साझेदारीको लागि वजेटको व्यवस्था गरिएको ।

२३) गाउँसभाबाट स्विकृत भएका कार्यक्रमहरु मात्र संचालन गरिएको ।

२४) सडक सौर्य वत्तिको लागि यसै वर्ष वजेटको व्यवस्था गरिएको र सो को कार्यन्वयको चरणमा रहेको ।

२५) गाउँपालिका प्रवेश द्धार निर्माणधिन अवस्थामा रहेको ।

२७) पर्यटनमा विकासका लागि पर्यटन गुरुयोजना निर्माण गर्न वजेटको व्यवस्था गरिएको
२८) यो वर्ष महिला, अपांग, दलित जानजाती जेष्ठ नागरिक युवा खेलकुद जस्ता लक्षित वर्गको क्षेत्रमा उल्लेख्नीय बजेट विनियोजन गरिएको ।

# जिज्ञासा तथा सुझाव ?




**धन्यवाद**